प्रधानमन्त्रीको निजी सचिवालय
दर्ता नं.:- २२८८
मिति :- २०७६।५।१९

मितिः-२०७६/०५/१८

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा वलीज्यू,
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार ।

विषयः- भ्रमण प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

महोदय, सविनयमा नम्र निवेदन यो छ कि शहरी विकास योजना विषयक कार्यशाला गोष्ठीमा गणतन्त्र चीनको युनान प्रान्तको कुन्मीङ शहरमा अवस्थित स्कूल अफ ओभरसिज एजुकेशनलको अतिथि गृहमा २० अगस्त देखि २९ अगस्त २०१९ सम्म सञ्चालित शहरी विकासमा चिनिया मोडल, चिनिया अर्थतन्त्रमा आधुनिकिकरण इत्यादीका विषयमा कार्यशाला गोष्ठीमा सहभागि भै सो भ्रमणका अवसरमा तयार पारिएको भ्रमण प्रतिवेदन पेश गरेको छु ।

भ्रमण प्रतिवेदन पेश गर्नेः
सुर्य बहादुर शाही
नगर प्रमुख
चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख

सुर्य बहादुर शाही
नगर प्रमुख

# सेमिनार रिपोट

## शहरी विकास योजना (Urban City Development),

## Kunming, Yunnan, P.R. China. 2019.




तयार गर्ने, सुर्य बहादुर शाही,

मेयर, चामुण्डा विन्द्रासैनी, दैलेख

सुर्य बहादुर शाही
नगर प्रमुख

## विषयसुची

### १. पृष्ठभुमी

"सुखि नेपाली र समृद्ध नेपाल" को नारा सहित देशका तिनओटै तहका सरकारहरु अगाडि बढिरहेको अवस्थामा आयोजना गरिएको यो सेमिनार असाध्यै महत्वपुर्ण रह्यो । यस्ता प्रकृतिका कार्यक्रमहरुको निरन्तरता दिन जरुरी छ । युनान प्रान्त र त्यहाँको नगरपालिकाले हामीलाई चिनियाँ विकासको बारेमा जानकारी गराउन पाउँदा हार्दिक तथा नीकटता महशुस गऱ्यो । चीन तथा नेपाल बिचको पुरानो तथा बहुआयामिक सम्बन्धलाई थप मजबुत बनाउन यस्ता भ्रमणहरुले महत्वपुर्ण भुमिका खेल्दछन् । एकिकृत शहरी विकासका सम्बन्धमा चिनले हासिल गरेको सफलता हाम्रा निम्ती मनन योग्य छ । नेपाल सरकारले स्थानिय स्तरमा पनि शहरी विकास गर्ने लक्ष्यका साथ मध्य पाहाडि राजमार्गका केही स्थान र स्थानिय तहका केन्द्रहरुलाई जसरी विकास गर्न खोजेको छ, त्यसका निम्ती यस्ता प्रकृतिका सेमीनार कोशेढुङ्गा सावित हुनेछन ।

### २. कार्यशालाका उद्देश्यहरु

- शहरी विकासमा चिनियाँ अनुभव तथा मोडेल
- चिनियाँ अर्थतन्त्र सुधार र आधुनिकीकरण
- वेल्ट एण्ड रोड इनिसियटिभ भिजन र कार्य
- आधुनिक चिनियाँ कानुन तथा प्रकोप नियन्त्रणमा चिनियाँ अभ्यास

### ३. स्थान, मिति र समय

यो कार्यशाला गोष्ठी २० अगष्ट देखि २९ अगष्ट २०१९ मा आयोजना गरि सम्पन्न भयो । यो कार्यशाला गोष्ठी जन गणतन्त्र चिन युनान प्रान्तको कुन्मीङ शहरमा अवस्थीत स्कुल अफ ओभरसिज एजुकेशन को अतिथि गृहमा आवास तथा कार्यक्रम भएको थियो ।




डा. वाइयु योङ्ग, आफ्नो प्रस्तुति दिदै

## ४. भ्रमण तथा कार्यशालाको विस्तृत विवरण

चिन प्रस्थान गर्नुपुर्व प्रधानमन्त्री कार्यालयमा १९ अगष्ट अठार जनाको भ्रमण टोली लाई बालुवाटारमा भ्रमणका विषय, भ्रमण टोलीका सदस्यहरुले भ्रमण अवधिभर ध्यान दिनुपर्ने विषयहरु सम्माननिय प्रधानमन्त्री तथा पार्टी अध्यक्ष क. के.पी. शार्मा वली ज्यु ले महत्वपुर्ण मार्गनिर्देशन दिनुभयो । त्यसैगरी अन्य नेताहरु संसदिय दलका उप नेता सुवास नेम्माङ, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल, प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार डा. राजन भट्टराई ले भ्रमणको शुभकामना तथा ध्यान दिनुपर्ने विषयहरु बताउनु भएको थियो । सो कार्यक्रममा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डीत र मुख्य स्वकिय सचिव इन्द्र भण्डारी समेतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमले भ्रमण टिमलाई राष्ट्रियता, जवाफदेहीता र कार्यक्रमको महत्वप्रति जिम्मेवार बनायो । यस्तो कार्यक्रम भ्रमण पुर्व गरिएमा भ्रमण सार्थक तथा उपलब्धि मुलक हुने भ्रमण टोलीको निष्कर्ष रहेको छ ।

जनगणतन्त्र युनान प्रदेश परराष्ट्र मामिला सरकार र स्कुल अफ एजुकेशन ओभरसिज को संयुक्त आयोजना तथा जनगणतन्त्र चिन नेपाल राजदुतावास को सहयोगमा चिनको कुन्मीङ शहरमा आयोजना गरिएको नौं दिने "एकिकृत शहरी विकास" कार्यशाला गोष्ठी मा नेपालको तर्फबाट अठार वटा स्थानिय तहका प्रमुख तथा उप-प्रमुखहरुको सहभागिता रहेको थियो । अठार ओटा स्थानिय तहमध्ये कुनै बाट मेयर तथा कुनै बाट उप मेयरको सहभागिता रहेको थियो । जस अन्तर्गत मेयर, मान बहादुर जि.सी., पोखरा महानगर पालिका कास्की, अशोक बेन्जु, मेयर धुलिखेल नगरपालिका काभ्रे, गणेश प्रसाई, मेयर, हरिओव नगरपालिका, सर्लाही, घनश्याम पाण्डे, मेयर, तुल्सीपुर उप.महानगर पालिका, दाङ्ग, सूर्य बहादुर शाही, मेयर, चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख, सुरेन्द्र विष्ट, मेयर, भीमदत्त नगरपालिका कन्चनपुर, मनमाया ढकाल, उप-मेयर, विरेन्द्रनगर नगरपालिका सुर्खेत, टंक जिरेल, मेयर, जीरी नगरपालिका दोलखा, शिवराज सुवेदी, मेयर, बुटवल उप-महानगर पालिका रुपन्देही, मञ्जु अधिकारी, उप-मेयर, फलेवास नगरपालिका पर्वत, प्रभा वराल, मेयर, राप्ती नगरपालिका चितवन, कविता ढङ्गाना, उप-मेयर, बेलकोट नगरपालिका नुवाकोट, रोमनाथ वली, मेयर, दमक नगरपालिका, झापा, उद्धव खरेल, मेयर, बुढानिलकण्ठ काठमाण्डौं, मिना उप्रती, उप-मेयर मेची नगर नगरपालिका झापा, मञ्जु भण्डारी, उप-मेयर, धरान उप-महानगरपालिका सुनसरी, लिलादेवी लामिछाने, उप-मेयर, निजगड नगरपालिका बारा र मुरारी प्रसाद खतिवडा, मेयर, खाँदवारी नगरपालिका संखुवासभा रहनुभएको थियो ।

दश दिने भ्रमणका क्रममा Yang Mu. Deputy Director General of Foreign Affairs Office of the People's Government of Yunnan Province, YIN Hong, Vice President of YUFE, CHI Huanyong, Director of Division of South Asia Affairs of Foreign Affairs Office of the People's Government of Yunnan Province, ZHANG Wei, Deputy Director of Division of South Asia Affairs of Foreign Affairs Office of the People's Government of Yunnan Province, Prof. YU Yong, Dean of School of Overseas Education, YUFE सँङ्ग महत्वपुर्ण भेटघाट तथा उहाँहरुको उपस्थितिमा सेमिनार सफलतापुर्वक सम्पन्न भयो । अन्तिम विदाई रात्रिभोजमा H.E. Mr. Zhang Guohua, Vice Governor of Yunnan Province, Mr. Jiang Xingming, Deputy Secratery-General, People's Government of Yunnan Province, Mme. Yang Mu, Deputy Director-General, Foreign Affairs Office of the People's Government of Yunnan Province, Mme. Zhou Hongbin, Vice Mayor, Kunming Municipal Government, Mr. Yin Hong, Vice President, Yunnan University of Finance and Economics लगायतको उपस्थिति रहेको थियो । रात्रिभोज अतेन्तै सौहार्द तथा अविष्मरणीय रह्यो ।

कल्चरल इन्भेष्टिगेशन कार्याक्रम अन्तर्गत सिलिनको इस्टन फरेष्ट को भ्रमण गरेका थियौं । इस्टन फरेष्ट प्रकृतिको अनुपम अपहार रहेछ जहाँ ढुङ्गै ढुङ्गाको जङ्गल रहेछ । जहाँ दैनिक दशहजार पर्यटकले भ्रमण गर्दा रहेछन । संसारकै एउटा अदभुत प्राकृतिक रचना रहेछ । यस ठाउँले युनान प्रान्तको अर्थतन्त्रमा महत्वपुर्ण योगदान गर्दो रहेछ । त्यसैगरि अर्को अन्तराष्टिय व्यापार केन्द्रको भ्रमण गर्दा त्यो व्यापार केन्द्र चिनकै ठुलो मध्येको एउटा रहेछ । जहाँ दैनिक हजारौं व्याक्तिहरुले भ्रमण गर्ने, किनमेल तथा रोजगारी पनि ठुलो सङख्यामा दिएको रहेछ ।

२० अगष्ट नेपाल बाट प्रस्थान गरेकाे टिम लाई कुन्मीङ्ग अन्तराष्ट्रिय विमानस्थलमा छिमेकी मित्रराष्ट्र चिनका तर्फबाट स्वागत गर्ने हाम्रो टिमलाई व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी पाएकि सेसिला ले गनुभएको थियो । २१ अगष्ट ९ देखि ९.३० सम्म सेमिनारको उद्घाटन शत्र सम्पन्न भएको थियो । उद्घाटन शत्रमा स्वागत तथा परिचयात्मक कार्यक्रम भएको थियो । निम्नबमोजिमका विषयहरुमा विभिन्न सेसनहरु भएका थिए ।

Lecture 1: Economic Reform and Modernization Process in Contemporary China, By Dr. YU Yong, Lecture 2: General Situation of China and Yunnan Province and the Economic and Trade Development of Yunnan Province, By Dr. ZHANG Honglie, Lecture 3: Construction of Chinese Legal System under the Background of Economic Marketization and Opening up to the Outside World, By Dr. LI Lairu, Lecture 4: Yunnan's experience in poverty alleviation, By Ms. DU Jingjing, Lecture 5 : Vision and Action for the Belt and Road Initiative of China. By Mr.DUAN Tao, Lecture 6 : Disaster Prevention & Mitigation and Disaster Relief Work in Yunnan. By Mr. FU Yongxin, Lecture 7 : Urban Planning and Governance Practice in China. By Dr. LEI Dongmei.

यस अध्ययन भ्रमण टोलीको नेत्रित्व पोखरा महानगरपालिकाका नगर प्रमुख मान बहादुर जि.सी. ले गर्नुभएको थियो । नगरपालिका संघका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख अशोक व्यान्जु ले समन्ययको भुमिका निर्वाह गर्नुभएको थियो । दोभाषेको भुमिका तुल्सीपुर नगरपालिकाका प्रमुख धनश्याम पाण्डेले कुशलता पुर्वक बहन गनुभएको थियो । यसैगरि गणेश प्रसाई, कविता ढुङ्गाना लगायतले व्यवस्थापन लगायत र अन्य साथीहरुले आ-आफ्नो भुमिका मर्यादित ढङ्गले पुरा गनुभएको थियो ।

## ५. भ्रमणको उपलब्धि

### क) मुख्य सिकाईहरु

कुन्मीङ्ग शहरको हरियाली तथा सफाई सम्बन्धमा गरिएको व्यस्था अनुकरणीय रह्यो । युनान प्रान्तको १३ औं पञ्चवर्षिय योजना अन्तर्गत बनाइएका योजनाहरु 1.Biopharmaceutial and Mass Health Industry 2. Tourist Cultural Industry 3. Information Industry 4. Modern Logistics Industry 5. Modern Agriculture Inustry with Plateau Characteristics 6. New Materials Industry 7. Advanced Equipment Manufacturing Industry 8. Food and Consumer Goods Manufacturing Industry महत्वपुर्ण तथा कतिपय योजनाहरु हाम्रो निम्ती पनि मार्गनिर्देशक थिए । सिल्क रोड मार्फत संसाराभर चिनिया भाइचारा सम्बन्धको स्थापना गर्न, कनेक्टीभिटी, व्यापार प्रर्वद्धन, विकासको वितरण आदि विषयहरु चिनियाँ सरकारका प्रमुख प्राथमिकताहरु रहेछन् । शहरी विकासका निम्ती अर्थतन्त्रको सुधार, अर्थतन्त्रको आधुनिकिकरण समकालिन चिनियाँ योजनाहरु रहेछन् । युनान प्रान्तले गरीवि निवारणमा क्रमश सफलता प्राप्त गरिरहेको तथा हाल यस प्रान्तमा १३.१ प्रतिशत जनसङख्या गरीविको रेखामुनी रहेछन् । प्राकृतिक प्रकोप नियन्त्रणमा युनान प्रान्तले प्रकोप पुर्व तथा पश्चात गरि दुई किसिमका योजनाहरु बनाएको पाइयो । प्रकोप पुर्व मानविय क्रियाकलापबाट हुने विपति रोक्न वृक्षारोपण, प्राकृतिक स्रोत साधनको उत्खनन्मा तथा प्रयोगमा सचेत, मापदण्ड अनुसार भौतिक संरचनाको निर्माण र विपति पश्चात विभिन्न संयन्त्रहरु प्रयोग गरेर विभिन्न चरणमा उद्धार गर्ने गरेको रहेछ विपतमा फसेकाहरुको हेलिकप्टर र आर्मि को परिचालन गरिने रहेछ । उद्धार पश्चात गाँसबास, उपचार, काउन्सीलिङ, पुनःस्थापना गरेको पाइयो ।

अल्पसंङख्यक आदिवासीहरुको कम्युन तथा संग्राहलय को अध्ययन पछि उनिहरुको विगत, वर्तमान, भविष्य र उनिहरुको संरक्षण निति हेर्दा नेपालमा बढिमा सात प्रदेश कम्तीमा पार्टी केन्द्रमा मात्रै पार्टीका नीति कार्यक्रम र सफलताको डकोमेन्ट्री प्रदर्शन कक्ष खडा गरि गर्न सके धेरै प्रभावकारी हुने पाइन्छ । कुन्मीङ लुसिवान अन्तराष्ट्रिय व्यापार केन्द्रको भ्रमण गर्दा त्यहाँ चालिसहजार व्यापारी, दुई सय इन्टरप्राइजेज र दुई लाख नागरिकले रोजगारी पाएको देख्दा नेपालमा पनि प्रत्येक प्रदेशले आ-आफ्नो क्षेत्रमा यस्तै अनुकरणीय कार्य गर्न सकिने महशुस भयो । कुन्मीङ डुयुनन फ्लोर मार्केट चिनको सबै भन्दा ठुलो फुल बजार रहेछ । जहाँ पचास जातिका दुईसय भन्दा बढि प्रजातिका फुलहरु पाइने रहेछन् । युनान प्रदेश सरकारले लगानी गरेको इनर्जि इनभेष्टमेन्ट गुप चिनियाँ कम्पनिहरुमध्येको टफ पाँचसय भित्र पदो रहेछ । जुन कम्पनिले नाफा अत्याहिक कमाएर अहिले समग्र चिनियाँ कम्पनी मध्ये दुई सय चौविसौं स्थानमा पर्दो रहेछ ।

### ख) सिकाईको उपयोगका लागि सुझावहरु

कुनै पनि मोडेल आफ्नै लागि र आफ्नै देशको लागि हुँदा रहेछन । यद्यपी विभिन्न देशका मोडेलहरुबाट सिक्दै आफ्नो आवश्यकता साधनस्रोतको क्षमता, भुबनोट, संस्कार, संस्कृति र प्रविधि अनुरुप अगाडि बढेमा सफल हुने कुरा सिकियो । चिनियाँ विकासलाई हामीले आफ्नो अनुकुलतामा लागु गनु पर्दछ ।

## ६. साराशं, सल्लाह र सुझाव

प्रधानमन्त्री कार्यालय नेपालको समन्वय, चिनियाँ राजदुतावासको व्यवस्थापना, चिनियाँ सरकारको आमन्त्रण, युनान प्रदेश परराष्ट्र मामिला सरकार र स्कुल अफ एजुकेशन ओभरसिज को संयुक्त आयोजना गरिएको दश दिने सेमिनार युनान प्रान्तको कुन्मीङ शहरमा अत्यन्तै सफलतापुर्वक सम्पन्न भएको छ । चिनले विश्व समुदायबाट सिक्दै सहयोग लिदै आफ्नो आवश्यकता तथा अनुकुलतामा विभिन्न विकासका मोाडेलहरु उदाहणीय छन् । चिनियाँ निति सफल बनाउन त्यहाँको सरकार, राजनीतिक शक्ति, जनता तथा सम्बन्धित सबै एकजुट छन् । त्यो कुरा चिनियाँ सरकारले जनतालाई अनुभुति गराउन सकेको छ । विभिन्न क्षेत्र तथा तहका सम्बन्धित सबैले आफ्नो दायित्व, जिम्मेवारी तथा कर्तव्यबोध बुझेको बुझाइएको पाइयो । आधुनिक चिनको दुतगतिको विकास विश्वमै उदाहणणिय छ । चीन र चिनियाँ जनता विश्वमै आफ्नो पहिचान, उपस्थिति र नेत्रित्व कुशलता पुर्वक दुनियाँका सामु देखाउन चाहान्छन । सेमिनारमा प्रस्तुत भएका कार्यपत्रहरु अत्तेन्त गहन र मेहनतपुर्वक आएको पाइयो । कार्यपत्रहरुले आजको चिनियाँ विकास र त्यसका निम्ती अबलम्बन गरेका चिनियाँ रणनीतिहरु बारे सुन्दा हाम्रो निम्ती उत्यन्तै अनुकरणनीय लाग्यो ।

अनुसासन, मर्यादा, काम र समयको व्यवस्थापनमा चिनियाँहरु अत्यन्तै ध्यान दिएको पाइन्छ । जुन पक्ष हाम्रो जस्तो विकासोउन्मुख देशका निम्ती मार्गनिर्दशक छ । चिनियाँ विकास त्यहाँको विविधताअनुसार भएको पाइन्छ । हामीले पनि हाम्रो विकासलाई हाम्रो मौलिकता अनुसार अगाडि बढाउन आवश्यक छ । हामी हरीयाली सडकलाई आएमुलक जैविक मैत्रि हरियाली सडक को अवधारणाको साथ अगाडि बढाउन सक्छौं । यसैगरी प्रत्येक स्थानिय तहमा एउटा एउटा निश्चित क्षेत्रभित्र बाह्रैमास फल्ने फल र फुलको नमुना जङगल बनाउन सक्छौं । अन्तर स्थानिय तह, जिल्ला, प्रदेश फलफुल करिडोरले जोड्ने नीति लिन सक्छौं । कम्तीमा सात ओटा प्रदेशका केन्द्रमा केही घण्टा सम्म मान्छे मात्रै हिड्ने दायाँवायाँ फल र फुल भएको मान्छे मात्रै हिड्ने मानवपथ बनाउन सक्छौं । एक हिमाल, एक पहाड र एक तराइमा आफ्नै प्रविधि मौलिकता बाट आफ्नै संस्कार र संस्कृति झल्कीने संसारकै नमुना तिनओटा शहर बनाउन सक्छौं यो भ्रमणको सिकाइ रह्यो ।



अल्पसंङ्ख्यक तथा आदिवासीको कम्युन तथा संग्राहलय अध्ययन तथा अवलोकन, कुन्मीङ्ग शहर

७. अनुसुचि (कार्यशालाका प्रस्तुतिहरु, केही महत्वपुर्ण स्थानका तस्वीरहरु)

अनुसुचि १.

| क्र.सं. | विषय शिर्षक | चिनको अनुभव | नेपालको लागि उपयोगी |
|---|---|---|---|
| १ | **Lecture 1: Economic Reform and Modernization Process in Contemporary China, By Dr. YU Yong** | आधुनिकिकरण प्रक्रियामा चिनले आफ्नो अर्थतन्त्रलाई समयअनुकुल सुधार गरेको पाइयो । अहिले शहर र गाउँ बिचको आर्थिक असमानता घटाउन मुख्य जोड दिएको पाइयो । | गाउँ र शहर बिचको आर्थिक असमानता घटाउने योजना हाम्रा निम्ति सिक्न योग्य छन् । |
| २ | **Lecture 2: General** | युनान प्रदेशले निर्माण | भौतिक विकास तथा |

| | | | |
|---|---|---|---|
| | **Situation of China and Yunnan Province and the Economic and Trade Development of Yunnan Province, By Dr. ZHANG Honglie** | गरेको इन्टरनेशनल ट्रेड सेन्टर, सिलीकन स्टोन फरेष्ट्र, चेङ्गगोङ डौंनन फ्लोर मार्केट को विकासले युनान प्रान्तको विकासको झल्को दिन्छ । त्यसबाट सिर्जना भएको रोजगारी तथा आर्थिक गतिविधिले त्यस प्रदेशमा ठुलो योगदान गरेको पाइन्छ । | प्राकृतिक विकास का लागि अपनाइएको प्रविधि ध्यान दिन जरुरी छ । |
| ३ | **Lecture 3: Construction of Chinese Legal System under the Background of Economic Marketization and Opening up to the Outside World, By Dr. LI Lairu** | स्थानिय उत्पादनलाई विश्वव्यापीकरण गर्ने तथा आधुनिक औद्योगिक विकास प्रक्रियालाई सहज बनाउन चिनियाँ कानुनहरु शंशोधन गर्दै गएको रहेछ । | समयअनुकुल कानुनमा गर्दै आएको शंशोधन हामीले बुझ्न आवश्यक छ । |
| ४ | **Lecture 4: Yunnan's experience in poverty alleviation, By Ms. DU Jingjing** | युनान प्रदेशले चिनका अन्य प्रदेशहरुमध्ये गरिवि निवारणमा उच्च सफलता हासिल गरेको रहेछ । यस प्रदेशमा हाल १३.१ प्रतिशत जनसङ्ख्या गरिविको रेखामुनि रहेछन् । | यस प्रदेशले गरिवि निवारणका लागि अपनाएका नीतिहरु अनुसरण योग्य छन् । |
| ५ | **Lecture 5 : Vision and Action for the Belt and Road Initiative of China. By Mr.DUAN Tao** | बेल्ट एण्ट रोड चिनियाँहरुको अहिलेको प्रमुख प्राथमिकताको महत्वाकांक्षि योजना हो । यस मार्फत भाइचाराको सम्बन्ध, शान्ति, कनेक्टीभिटि, व्यापारीकरण, पारस्परिक लाभ, जन सहभागिता आदि समेटिएका रहेछन् । | यस योजना बाट नेपालले फाइदा लिन सक्नु पर्दछ । |

| | | | |
|---|---|---|---|
| ६ | **Lecture 6 : Disaster Prevention & Mitigation and Disaster Relief Work in Yunnan. By Mr. FU Yongxin** | प्राकृतिक प्रकोप पुर्व तथा पश्चात गर्ने विभिन्न नितिहरु बनाएको रहेछ । | प्राकृतिक प्रकोप पुर्वको वृक्षारोषण गर्ने नीति हामीले पनि अपनाउन जरुरी छ । |
| ७ | **Lecture 7 : Urban Planning and Governance Practice in China. By Dr. LEI Dongmei** | शहरी विकास गर्दा सुरक्षित, दिर्घकालिन विकास, सहृदयि विकास, स्थानिय अर्थतन्त्र आदिलाई ध्यानमा राखि काम गरिरहेका रहेछन् । | शहरी विकासको चिनियाँ नितिलाई हामीले आफ्नो मौलिकता अनुसार आत्मसात गनुपर्दछ । |
| ८ | **Cultural Investigation 1: Investigation the Tourism Culture –Card of Yunnan province (Shilin)** | प्रकृतिको अनुपम उपहार रहेछ स्टोन फरेष्ट । जहाँ दैनिक हजारौं पर्यटकहरुले भ्रमण गर्ने रहेछन । | यसले त्यहाँको अर्थतन्त्रमा गरेको योगदान लाई स्मरण गर्दै हामीले हाम्रा पर्यटकिय ठाउँहरुको विकास गनुपर्दछ । |
| ९ | **Cultural Investigation 1: Investigation the International Business Center (Luosiwan International Trade Center)** | युनान प्रान्तको सबैभन्दा ठुलो तथा चिनकै पनि ठुला मध्येको एउटा रहेछ । यसको आकर्षक व्यापार तथा यसले दुई लाख व्यक्तिहरुलाई रोजगारी सिर्जना गरेको रहेछ । | व्यापारिक केन्द्र कसरी आर्कषक बनाउने तथा त्यसले सिर्जना गरेको रोजगारी हाम्रा निम्ति मार्गदर्शक हुन्छ । |

अनुसुचि २

सेमिनार अवधिभर भ्रमण गरिएका केही महत्वपुर्ण स्थानहरुको तस्वीर



सिलिन, स्टोन फरेष्ट, कुन्मीङ्ग स्थानिय संस्कृति झल्किने पहिरन



**City of Kunming**



*H.E. Mr. Zhang Guohua, Vice Governor of Yunnan Province and with other respected honorable persons of Yunnan Province.*



चिनियाँ राजदुत सँग भ्रमण दलका सदस्यहरुको भेटघाट तथा रात्रिभोज अगष्ट २९

नोट :- आदरणीय टोली नेता मान बहादुर जि.सी लगायत भ्रमण समुहका सबै साथीहरुले सेमिनारको प्रतिवेदन लेखनको जिम्मेवारी प्रदान गरेकोमा सम्पुर्ण साथीहरुप्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

सुर्य बहादुर शाही
नगर प्रमुख